स्थिति सूचक

नेपाल मानव अधिकार वर्ष पुस्तकको
त्रैमासिक प्रकाशन

वर्ष १०, अङ्क १
(०७७ पुस १७ गतेदेखि ०७७ चैत १८ गतेसम्म)

## गण्डकी प्रदेशको

# मानव अधिकार अवस्था विश्लेषण

इन्सेकको अभिलेख अनुसार सन् २०२१ को पहिलो तीन महिना (जनवरीदेखि मार्चसम्म) मा गण्डकी प्रदेशमा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा १ सय ५७ जना पीडित भएको देखिन्छ। मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा राज्यपक्षबाट २१ जना पुरुष पीडित भएको देखिन्छ। अभिलेखित घटनाअनुसार गिरफ्तार गरिएका घटनामा पाँच जना र भेला तथा सङ्गठित हुनपाउने अधिकारबाट वञ्चित भइ १६ जना पीडित भए। अन्य पक्षबाट १८ पुरुष र १ सय १८ जना महिला गरी १ सय ३६ जना पीडित भए। अभिलेखित घटनाअनुसार चार महिला र चार जना पुरुष गरी आठजनाको हत्या भयो। यस अवधिमा सबैभन्दा बढी महिलाविरुद्ध हुने हिंसाका घटनामा ८७ जना महिला पीडित भए। बालबालिकाविरुद्ध भएका हिंसाका कारण पाँच जना बालक सहित ३० जना पीडित भए। जातीय विभेदका घटनामा एक र कुटपिटका घटनामा आठ जना पुरुष पीडित भए। यस अवधिमा भएका घटनामा दुई जना महिला घाइते भए।

इन्सेकले राखेको अभिलेख अनुसार सन् २०२१ को पहिलो तीन महिनाको अवधिमा गण्डकी प्रदेशमा बालबालिकाविरुद्ध भएका हिंसाका घटनामा पाँच जना बालक सहित ३० जना पीडित भए। अभिलेखित घटना अनुसार यो अवधिमा बलात्कार घटनाबाट १८ जना र यौन दुर्व्यवहार घटनाबाट पाँच जना बालिका पीडित भए। त्यसैगरी विद्यालयमा दिइने शारीरिक दण्ड सजायबाट दुई जना बालिका सहित सात जना पीडित भए।

इन्सेकले राखेको अभिलेख अनुसार सन् २०२१ को पहिलो तीन महिनाको अवधिमा गण्डकी प्रदेशमा महिला हिंसा तथा दुर्व्यवहारका घटनामा ८७ जना पीडित भए अभिलेखित घटना अनुसार यो अवधिमा बलात्कार घटनाबाट ११, बलात्कार प्रयासका घटनामा दुई, यौन दुर्व्यवहार घटनाबाट एक जना पीडित भए। त्यसैगरी बहुविवाहका घटनामा एक जना र घरेलु हिंसाबाट ७२ जना पीडित भए।

यस तीन महिनाको अवधिमा समाजमा एकपछि अर्को गर्दै बाल तथा महिलामाथि हुने हिंसाका घटना भइरहेका छन्। महिलाविरूद्धको हिंसामा घरेलु तथा पारिवारिक हिंसा प्रमुख छन्। घरपरिवारसँगै नजिकका आफन्त तथा चिनजानका व्यक्तिबाट महिला तथा बालबालिकाको हत्या, बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार जस्ता घटना भएको इन्सेकमा अभिलेख छ।

बालिका तथा महिला माथि हुने कतिपय हिंसाका घटना समुदाय तथा प्रहरी कार्यालयमा मिलापत्र गरिने, बलात्कार तथा यौन दुर्व्यवहारका घटनाका आरोपितलाई धरौटीमा रिहा गरिने जस्ता

प्रचलनका कारण पीडित कानुनी उपचारबाट वञ्चित हुनुपरेको छ।

यसरी विभिन्न प्रकारले हिंसामा परेका महिला तथा बालबालिकाले राज्यका निकायबाट सहज सर्वसुलभ तथा छिटोछरितो रूपमा न्याय र समाजमा सुरक्षा तथा कानुनी शासनको प्रत्याभूतिलाई महसुस गर्न नसकिरहेको  पाइयो। अल्पकालिन सुरक्षित गृह नहुँदा प्रदेशमा हिंसा पीडित महिला र बालबालिकालाई न्याय प्राप्त गर्ने अवधिसम्म समस्या रहेको पाइयो। यद्यपी सुत्केरी हुन नसकेर पीडामा रहेका महिलाहरुलाई प्रदेश सरकारको तर्फबाट एयरलिफटीङ सुविधाका कारण केही राहतको अनुभूती भएको अवस्था रह्यो भने सामाजिक सङ्घसंस्थाहरुको लामो प्रयास र दबाबपछि सामाजिक विकास मन्त्रालय र पोखरा महानगरपालिकाको संयुक्त पहलमा निर्माण हुँदै गरेको महिला सुरक्षा गृह निर्माण सम्पन्न भई सञ्चालनको चरणमा पुगेको छ यसबाट आगामी दिनमा हिंसामा परेका महिलाहरुलाई तत्काल सुरक्षादिन सकिने विश्वास लिन सकिन्छ।

देशका कर्णधार वा भविष्य भनिने बालबालिकामध्ये कैयन् वर्तमानमै असुरक्षित छन्। बालश्रम, बालबालिका ओसारपसार तथा बेचबिखन, यौनजन्य हिंसा, शिक्षा र स्वास्थ्यको अवसरबाट बञ्चित, बालविवाह, अहिले पनि केही बालबालिकाहरू सडक जीवन जिउन बाध्य जस्ता बाल अधिकार हननबाट बालबालिका पीडित भएको इन्सेकको अभिलेख तथा अनुगमनले देखायो। उमेर नपुगी विवाह हुने प्रचलन समाजमा अझै पनि कायम छ। धेरैजसो बाल विवाहका घटना प्रहरीसम्म आइपुग्दैन। प्रहरीसम्म आएका घटनामा प्रहरीले कानुनी कारबाहीको प्रक्रिया अगाडि बढाएको पाइयो। कोभिड-१९ का कारण अहिले पनि बालबालिकामा भय र त्रास उत्तिकै छ। जसका कारण बालबालिकाहरूमा मनोसामाजिक समस्या देखिन्छ भने निर्धक्क भएर  विद्यालय जान र अध्ययनमा समस्या देखिन्छ।

२१ औंशताब्दीमा आइपुग्दा पनि समाजमा जातीय विभेदका घटनाहरू भइरहेका छन्। सरकारद्धारा जातिय विभेद मुक्त राज्य घोषणा गरिएता पनि बाहिरबाट जातिय विभेद गरेको नदेखिएता पनि मनभित्र अझै जातिय विभेदको अवशेष बाँकी नै रहेको कुरा सरोकारवालाको भनाइबाट जानकारी प्राप्त भयो भने इन्सेकको अभिलेखअनुसार यस प्रदेशमा लमजुङ जिल्लामा भएका जातिय विभेदको घटनामा एक जनापुरुष पीडित भए।

देश सङ्घीय संरचनामा गएपछि नागरिकको स्थानीय तहप्रति सुशासन र जवाफदेहिताको अपेक्षा बढी देखिएको छ। बजार अनुगमन नहुँदा अधिकांश ग्रामीण भेगका जनता र यात्रीहरू राजमार्ग छेउका होटल तथा पसलमा चर्को मुल्य तिर्न बाध्य छन्। तरकारी, फलफुल लगायत खाद्य वस्तुमा अत्याधिक मात्रामा विषदीको प्रयोग र अखाद्य वस्तुको मिसावट, कारण उपभोक्ताको स्वास्थ्यसम्बन्धी समस्या बढ्दो छ। स्थानीय न्यायिक समिति सक्रिय नहुँदा ग्रामीण भेगमा भएका घरेलु हिंसाको घटनाका पीडित अझै जिल्ला प्रहरी कार्यालय आउन बाध्य छन्।

यस प्रदेशभित्रका अधिकांश कारागार र हिरासत कक्षमा क्षमताभन्दा बढी कैदीबन्दी राखिएको देखियो। क्षमताभन्दा बढी कैदीबन्दी भएका कारण कारागारमा खानेपानी, शौचालय र धेरैजसो कारागारमा कैदीबन्दीलाई सुत्ने ठाउँको अभाव रहेको अनुगमनका क्रममा पाइयो। सरकारबाट प्रदान गरिएको दैनिक सिदा अपर्याप्तताका कारण उनीहरूको दैनिक जीवन कष्टकर बनिरहेको छ  भने पुराना र कमजोर भौतिक संरचनाका कारण भय र त्रासमा जिवन जिउन बाध्य रहेको अवस्था रहयो। विस्तृत सम्झौताका चौध वर्ष बितिसक्दापनि सङ्क्रमणकालीन न्यायको अनुभती गर्न नपाउँदा अहिले पनि द्वन्द्वपीडितहरूमा निराशा र आक्रोस बढेर गएको अवस्था देखियो।

स्वास्थ संस्थामा नि:शुल्क बाँडिने औषधीको अभाव यो अवधिमा पनि कायमै रहृयो। बिरामीको तुलनामा चिकित्सक तथा अस्पतालमा शैयाको अभाव हुनु, डाक्टरहरू दरबन्दीका आधारमा न्युन रहनु, बर्थिङ सेन्टरहरूमा उपकरणको अभाव देखिनु, बालरोग तथा स्त्रीरोग विशेषज्ञ अधिकांश जिल्लामा नहुनु यस क्षेत्रमा भएका स्वास्थ्य सम्बन्धित समस्या हुन्। छिटो छरितो सेवा नदिँदा सरकारी अस्पताल र स्वास्थ्य चौकी अझै पनि नागरिकको पहिलो रोजाई बन्न सकेको छैन। झन्झटिलो प्रक्रियाका कारण स्वास्थ्य बिमापनि प्रभावकारी बन्न सकिरहेको अवस्था देखिएन।

इन्सेक गण्डकी प्रदेशले हरेक तीन/तीनमहिनामा समग्र मानव अधिकारका अवस्थालाई विश्लेषण गर्दै मानव अधिकार स्थिति सूचक प्रकाशन गर्दै आएको छ।

**शिव खकुरेल**
प्रदेश संयोजक

# गण्डकी प्रदेशको मानव अधिकार अवस्था : तीन महिनाका प्रतिनिधिमूलक घटना

## (०७७ पुस १७ गतेदेखि ०७७ चैत १९ गतेसम्म)

### गिरफ्तारी

**म्याग्दी**

मालिका गाउँपालिका-३ निवासी नेत्रविक्रम चन्द(विप्लव) नेतृत्वको प्रतिबन्धित नेपाल कम्युनिष्ट पार्टीका मुस्ताङ जिल्ला इञ्चार्ज ६० वर्षीय पदम पुन (फिल्टर) लाई ०७७ फागुन १३ गते राति जिल्ला प्रहरी कार्यालय म्याग्दीको प्रहरी टोलीले मालिका गाउँपालिका-२ बाट गिरफ्तार गऱ्यो। उनको स्वास्थ्य परीक्षण ०७७ फागुन १४ गते म्याग्दी जिल्ला अस्पताल भयो। पुनलाई फागुन १३ गते नै सदरमुकाम बेनी ल्याइएको जिल्ला प्रहरी कार्यालय म्याग्दीका डिएसपी श्यामकुमार राईले बताए। विभिन्न आपराधिक घटनामा संलग्न भई फरारको सूचीमा रहेका पुनलाई राज्यविरुद्धको अपराधमा संलग्न भएको अभियोगमा गिरफ्तार गरिएको उनले बताए। पुनलाई साधारण तारिखमा चैत ६ गते रिहा गरिएको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर डाक्टर चौधरीले बताए। उनी नेपाल सरकार र नेत्रविक्रम चन्द (विप्लव) बीच भएको सहमति अनुसार गृहमन्त्रालयको परिपत्र अनुसार हाजिरी जवानीमा रिहा भएका हुन्।

### घटनाका प्रकार अनुसार पीडित सङ्ख्या (जनवरी–मार्च २०२१)

| | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | | |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | कूल जम्मा |
| गिरफ्तार | | ५ | ५ | | | | ५ |
| कुटपिट | | | | | ८ | ८ | ८ |
| बाल अधिकार | | | | २५ | ५ | ३० | ३० |
| घाइते | | | | २ | | २ | २ |
| हत्या | | | | ४ | ४ | ८ | ८ |
| जातीय विभेद | | | | | १ | १ | १ |
| महिला अधिकार | | | | ८७ | | ८७ | ८७ |
| भेला/सङ्गठित हुने अधिकार | | १६ | १६ | | | | १६ |
| जम्मा | | २१ | २१ | ११८ | १८ | १३६ | १५७ |

**बागलुङ**

बागलुङ नगरपालिका-३ निवासी नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको प्रतिबन्धित नेकपामा आवद्ध रहि गलत क्रियाकलापमा संलग्न रहेको भन्दै ५३ वर्षीय बाबुलाल शाक्य (पूर्व म्याग्दी जिल्ला सेक्रेटरी) र पश्चिम रुकुम सानोभेरी गाउँपालिका-३ निवासी ३० वर्षीय कमान किरण नकाल (पूर्व बागलुङ जिल्ला इन्चार्ज) लाई जिल्ला प्रहरी कार्यालय बागलुङले बागलुङ नगरपालिका-३ स्थित बाबुलाल शाक्यको घरबाट ०७७ माघ १० गते गिरफ्तार गर्‍यो। शाक्य र क्षेत्रीका परिवारको तर्फबाट नकालकी बहिनी सुमन नकालले सर्वोच्च अदालतमा माघ ११ गते दिएको बन्दी प्रत्क्षीकरणको रिट माथि सर्वोच्च अदालतको माघ २६ गतेको आदेशले दुवैलाई गैरकानुनी थुनामा राखिएको भन्दै थुनामुक्त गर्न आदेश दिएपछि जिल्ला प्रहरी कार्यालय बागलुङ, जिल्ला अदालत बागलुङको रोहबरमा माघ २६ गते रिहा गर्‍यो।

## धम्की/कुटपिट

### अन्यपक्षबाट

**तनहुँ**

प्रहरी चौकी डुम्रीवेशीका इन्चार्ज ४० वर्षीय सुरेन्द्र गुरुङलाई ०७७ फागुन २८ गते भिमाद नपा-१ डुम्रीवेशीमा स्याङ्जा जिल्ला हरिनास गाउँपालिका-७ का २३ वर्षीय प्रिन्स थापा र २२ वर्षीय लोकबहादुर थापा लगायतले कुटपिट गरे। उनीहरूलाई सोही राती डुम्रीवेशीबाट नै गिरफ्तार गरिएको इलाका प्रहरी कार्यालय बेलचौताराका इन्स्पेक्टर जगदिश रेग्मीले बताए। डुम्रीबेशीमा आयोजित भलिवल प्रतियोगिताको क्रममा फागुन २८ गते साँझ दुई पक्ष बिच विवाद भएको र सो विवाद मिलाउन गएको प्रहरी टोलीलाई नै आक्रमण गरिएको रेग्मीले बताए। घाइते गुरुङको मणिपाल अस्पताल पोखरामा फागुन २९ गते उपचार गरियो। गिरफ्तार गरिएकाहरुलाई इलाका प्रहरी कार्यालय बेलचौतारामा राखि उनीहरुलाई चैत १२ गते ८ हजार रुपियाँ घरौटीमा रिहा भएको इन्स्पेक्टर रेग्मीले बताए।

## जेल तथा बन्दी

**तनहुँ**

जिल्ला कारागार तनहुँमा २०७७ फागुन १७ गते दिउँसो दुई समूहबिच झडप हुँदा ६ जना कैदीबन्दी घाइते भए। अन्यत्रका कैदीबन्दीलाई तनहुँ कारागारमा स्थान्तारण गरेपछि नाइके बन्ने विषयमा दुई समूहबिच झडप हुँदा कैदी कुलबहादुर तामाङ, अनुप थापा, माधव कँडेल, धनबहादुर शाही, दिपक दर्जी र ज्ञानबहादुर विक घाइते भएको जिल्ला प्रहरी कार्यालय तनहुँका एसपी अरुण पौडेलले बताए। झडपपछि तनहुँका प्रमुख जिल्ला अधिकारी सागर आचार्य र जिल्ला प्रहरी कार्यालय तनहुँका एसपी अरुण पौडेल कारागार पुगेको थिए। झडपपछि १५ जनालाई भिमफेदी कारागार र १० जनालाई कास्की कारागारमा स्थानान्तरण  गरियो भने घाइतेहरूको दमौली अस्पतालमा उपचार भएको प्रमुख जिल्ला अधिकारी आचार्यले बताए।

## अभिव्यक्ति, भेला तथा सङ्गति हुने अधिकार

**कास्की**

पोखरा महानगरपालिका-२६ बस्ने २३ वर्षीय विनायक तिमल्सिनालाई ०७७ माघ २२ गते प्रहरीले पोखरा मनपा-९ महेन्द्रपुलबाट गिरफ्तार गर्‍यो। नेकपा कम्युनिष्ट पार्टीले नेकपा प्रचण्ड माधव समुहले सरकारले प्रतिनिधि सभा विघटन गरेको विरोधमा आयोजना गरेको हड्तालको क्रममा महेन्द्रपुलमा बन्दकर्ताको रूपमा खटिएका तिमल्सिनाले होहल्ला र प्रहरीसँग दुर्व्यवहार गरेपछि गिरफ्तार गरिएको जिल्ला प्रहरी कार्यालय कास्कीका डिएसपी सुवास हमालले बताए। तिमल्सिना जिल्ला प्रहरी कार्यालय कास्कीबाट सोही दिन साँझ रिहा भए।

**तनहुँ**

नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को प्रचन्ड-माधव समूहले आह्वान गरेको नेपाल बन्द सफल पार्न तनहुँको दमौलीमा खटिएका व्यास नपा- १ घर भएका नेकपाका केन्द्रीय सदस्य ५३ वर्षीय प्रतापलाल श्रेष्ठ, व्यास नपा- ५ का गन्डकी प्रदेश कमिटिका सदस्य ४० वर्षीय अतिन्द्रकेशरी न्यौपाने, ऋषिङ गाउँपालिका- ४ का ४० वर्षीय मदन आले, घिरिङ गाउँपालिका-१ का जिल्ला कार्यालय सदस्य ४२ वर्षीय विष्णुभक्त सिग्देल, व्यास नपा- ४ का व्यास नगर कमिटिका अध्यक्ष ४० वर्षीय श्रीराम कार्की, व्यास नपा- ५ का राष्ट्रिय युवा सङ्घका अध्यक्ष ३५ वर्षीय इश्वर बस्याल, ऋषिङ गाउँपालिका- ३ का अनेरास्ववियुका संयोजक ३३ वर्षीय डम्बरबहादुर विक, व्यास नपा- ४ का व्यास नगर कमिटिका सचिव ४५ वर्षीय रामचन्द्र सापकोटा, व्यास नपा- ३ का ५५ वर्षीय मंगलप्रसाद श्रेष्ठ, व्यास नपा- १ का ४३ वर्षीय गोविन्द भट्टराई, म्याग्दे गाउँपालिका- ७ का ५० वर्षीय भिमबहादुर विक, व्यास नपा- ११ का ४५ वर्षीय

गोपाल सुर्खाली, ऋषिङ गाउँपालिका- ४ का ३६ वर्षीय गोमबहादुर राना, व्यास नपा- १ का ४८ वर्षीय गजेन्द्र पन्त, व्यास नपा- ११ का ५० वर्षीय रनसिंह नेपालीलाई प्रहरीले माघ २२ गते गिरफ्तार गऱ्यो गऱ्यो। दमौलीको पृथ्वीराजमार्गको भोर्लेटार चोकमा बसी सवारी साधनलाई सञ्चालनमा अवरोध गरेको भन्दै उनीहरुलाई गिरफ्तार गरिएको जिल्ला प्रहरी कार्यालय तनहुँका डिएसपी युवराज तिमिल्सेनाले बताए। गिरफ्तार गरिएका सबैलाई जिल्ला प्रहरी कार्यालयमा राखिएकोमा सोही दिन साँझ ६ बजे रिहा भए।

## बाल अधिकार

### कुटपिट

**कास्की**

मादी गाउँपालिका-६ भुमे प्राथमिक विद्यालयका प्रधानाध्यापक ४५ वर्षीय इन्द्रबहादुर थापालाई फागुन १५ गते प्रहरीले मादी गाउँपालिका-६ भुमे प्राथमिक विद्यालयबाट गिरफ्तार गऱ्यो। इन्द्रबहादुरले कमजोर आर्थिक अवस्था भएका अभिभावकहरूका बालबालिकाहरूलाई नि:शुल्क खान र बस्ने व्यवस्था गरी स्कुलमा पढाउने भनी आश्वासन दिई बालबालिकाहरूलाई शारीरिक तथा मानसिक यातना दिने कार्य गरेको अभिभावहरूले आरोप लगाए। विद्यालयको कक्षा २ मा पढ्ने ११ वर्षीय बालकलाई कुटपिट गरेर घाइते बनाएको खबरपछि प्रहरीले आरोपितलाई गिरफ्तार गरेको थियो। ११ वर्षीय पीडितकी आमा लमजुङ जिल्ला घर भइ पोखरा महानगरपालिका-१० बस्ने सुनिता तामाङले जिल्ला प्रहरी कार्यालय कास्कीमा फागुन १६ गते उजुरी दिइन्। विद्यालयमा पढाउन भनेर लगि मानसिक र शारीरिक यातना दिइएका नौ वर्षीया बालिका, आठ, १०, ११ वर्षीय बालक र सात वर्षीय तीन जना बालकलाई उद्धार गरी पोखरास्थित एक सुरक्षा गृहमा राखिएको छ। कुटपिटबाट घाइते भएका बालकको उपचार सहित अन्य ६ जना बालबालिकाको स्वास्थ्य परीक्षण पश्चिमाञ्चाल क्षेत्रीय अस्पताल पोखरामा फागुन १५ गते गरिएको जिल्ला प्रहरी कार्यालय कास्कीका डिएसपी सुवास हमालले बताए। आरोपित विरुद्ध जिल्ला अदालत कास्कीमा बालबालिका विरुद्धको कसुर मुद्धा चैत ११ गते मुद्धा दर्ता भएको तहसिलदार हरिश्चन्द्र गौतमले बताए। उनीहरूलाई गाउँपालिकाको सहयोगमा प्रहरीले उद्धार गरी सिविन नेपालको संरक्षणमा राखिएको छ।

## बलात्कार, यौन दुर्व्यवहार

**गोरखा**

१४ वर्षीया बालिकालाई ०७७ माघ २६ गते यौन दुर्व्यवहार गरेको भन्दै शहिद लखन गाउँपालिका-७ वकेस्वाराका २५ वर्षीय युवकविरुद्ध (नाम गोप्य राख्न अनुरोध) पीडितकी आमाले माघ २६ गते जिल्ला प्रहरी कार्यालय गोरखामा उजुरी दिइन। पीडितको स्वास्थ्य परीक्षण माघ २६ गते गोरखा अस्पतालमा भयो। पीडितलाई आरोपितले ललाइफकाई घरमै पुगेर दुर्व्यवहार गरेको जिल्ला प्रहरी कार्यालयका एसपी सुरेन्द्र गुरुङले बताए। प्रहरीले माघ २६ गते आरोपितविरुद्ध जबरजस्ती करणी उद्योगमा शीर्षक अन्तरगत जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन ११ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१३ वर्षीया बालिकालाई फागुन १५ गते बाखा चराउन गएको बेला बलात्कार गरेको भन्दै गण्डकी गाउँपालिका-४ का ८७ वर्षीय केदारप्रसाद देवकोटाविरुद्ध पीडितकी ठुली आमाले फागुन १६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन। पीडितको स्वास्थ्य परीक्षण फागुन १६ गते गोरखा अस्पतालमा भयो। प्रहरीले आरोपितलाई फागुन १६ गते गण्डकी गाउँपालिका-४ स्थित आरोपितको घरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्यमा समस्या देखिएपछि सोधखोज गर्दा बलात्कार घटना बाहिरिएको जिल्ला प्रहरी कार्यालय गोरखाका एसपी सुरेन्द्र गुरुङले बताए।

**बालबालिकाविरुद्ध भएका हिंसाबाट पीडित सङ्ख्या (सन् २०२१ को जनरीदेखि मार्चसम्म)**



प्रहरीले आरोपितविरुद्ध फागुन १६ गते जिल्ला अदालतमा जबरजस्ती करणी शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको चैत ४ गतेको आदेशले आरोपित १ लाख रुपियाँ धरौटी बुझाएर तारिखमा रिहा भएको जिल्ला प्रहरी कार्यालय गोरखाका डिएसपी प्रकाश दहालले बताए।

१४ वर्षीया बालिकालाई फागुन ८ गते बलात्कार गरेको भन्दै आरुघाट गाउँपालिका-६ का २६ वर्षीय काशिराम सुनारविरुद्ध पीडित पक्षले फागुन १५ गते जिल्ला प्रहरी कार्यालयमा मौखिक उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण फागुन १६ गते गोरखा अस्पतालमा भयो। आरोपितलाई प्रहरीले फागुन १६ गते आरुघाट गाउँपालिका-६ आरोपितको घरबाट गिरफ्तार गऱ्यो। पीडितलाई आरोपितले आफ्नै घर लगेर बलात्कार गरेको जाहेरीका आधारमा आरोपितलाई गिरफ्तार गरिएको जिल्ला प्रहरी कार्यालय गोरखा एसपी सुरेन्द्र गुरुङले बताए। पीडितलाई आरोपितले फागुन ८ गते मोटरसाइकलमा राखी मामाको घर लान्छु भनी आफ्नो घर पुऱ्याएको पीडितले प्रहरी समक्ष बयान दिइन। केही समयसम्म सम्पर्कविहिन बालिका खोजतलास गर्दा आरोपितको घरमा फेला परेको एसपी सुरेन्द्र गुरुङले बताए। प्रहरीले आरोपित विरुद्ध फागुन १६ गते जिल्ला अदालत गोरखामा जबरजस्ती करणी शीर्षकमा मुद्धा दर्ता गऱ्यो। जिल्ला अदालतको चैत ११ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१४ वर्षीया बालिकालाई चैत १५ गते यौन दुर्व्यवहार गरेको भन्दै गोरखा नगरपालिका-७ का भगवान खत्रीविरुद्ध पीडित पक्षले चैत १५ गते जिल्ला प्रहरी कार्यालय गोरखामा मौखिक उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण चैत १६ गते गोरखा अस्पतालमा भयो। प्रहरीले आरोपितलाई चैत १५ गते थर्पु स्थित आरोपितको घरबाट गिरफ्तार गरेको जिल्ला प्रहरी कार्यालय गोरखाका डिएसपी प्रकाश दहालले बताए। पीडित पक्षले चैत १६ गते जिल्ला प्रहरी कार्यालय गोरखामा लिखित उजुरी दिए। प्रहरीले जिल्ला अदालत गोरखामा चैत १६ गते आरोपितविरुद्ध जबरजस्तीकरणी उद्योग शीर्षकमा मुद्दा दर्ता गरी अनुसन्धान प्रक्रिया अघि बढाएको डिएसपी दहालले बताए।

चार वर्षीया बालिकालाई ०७७ माघ २० गते बलात्कार गरेको भन्दै १३ वर्षीय बालकविरुद्ध पीडित पक्षले माघ २१ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपित बालकलाई प्रहरीले माघ २१ गते गोरखा सदरमुकाम (हरिमटारी) स्थित घरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ २१ गते गोरखा अस्पतालमा भयो। आरोपितले बालिकालाई विद्यालयको शौचालयमा लगेर बलात्कार गरेको पीडितका आफन्तले दिएको जाहेरीमा उल्लेख गरिएको जिल्ला प्रहरी कार्यालय गोरखाका एसपी सुरेन्द्र गुरुङले बताए। प्रहरीले आरोपितविरुद्ध गोरखा अदालतमा जबरजस्ती करणी शीर्षकमा माघ २२ गते मुद्धा दर्ता गऱ्यो। जिल्ला अदालतको माघ २९ गतेको आदेशले आरोपितलाई बाल सुधार गृह साराङकोट पोखरा पठायो।

१५ वर्षीया बालिकालाई ०७७ चैत ४ गतेबाट पटक-पटक र अन्तिम पटक चैत ९ गते बलात्कार गरेको भन्दै पीडित पक्षले चैत १० गते विरगन्ज उपमहानगरपालिका-१ छपकैया स्थायी घर भएका ४० वर्षीय विजय शर्मा भन्ने रवि कुमार सराफविरुद्ध चैत १० गते जिल्ला प्रहरी कार्यालय गोरखामा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण चैत ११ गते गोरखा अस्पतालमा भयो। आरोपितलाई प्रहरीले गोरखा नगरपालिका-६ हरमटारीको डेराबाट चैत ११ गते गिरफ्तार गरेको जिल्ला प्रहरी कार्यालय गोरखाका डिएसपी प्रकाश दहालले बताए। प्रहरीले गोरखा अदालतमा आरोपितविरुद्ध जबरजस्तीकरणी शीर्षकमा चैत ११ गते जिल्ला अदालतमा मुद्धा दर्ता गरी अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय गोरखाका डिएसपी दाहालले बताए।

**म्याग्दी**

आठ वर्षीया बालिकालाई ०७७ माघ २ गते बलात्कार गरेको भन्दै मालिका गाउँपालिका-१ निस्कोटका ३३ वर्षीय कृष्ण विकविरुद्ध पीडित पक्षले माघ ९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण माघ ९ गते बेनी अस्पतालमा भयो। पीडित पक्षको उजुरीपछि प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध जिल्ला अदालत म्याग्दीमा जबरजस्ती करणी कसुर शीर्षक अन्तरगत ०७७ फागुन ३ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन ३ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

सात वर्षीया बालिकालाई फागुन २ गते बलात्कार गरेको भन्दै १३ वर्षीय बालकविरुद्ध फागुन ३ गते पीडित पक्षले जिल्ला प्रहरी कार्यालय म्याग्दीमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण फागुन ३ गते बेनी अस्पतालमा भयो। पीडित पक्षको उजुरीको

आधारमा प्रहरीले आरोपितलाई फागुन ४ गते घरबाटै गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन ३ गते बेनी अस्पतालमा गरिएको बेनी अस्पतालका सूचना अधिकारी प्रकाश सुवेदीले बताए। प्रहरीले आरोपितविरुद्ध जिल्ला अदालत म्याग्दीमा जबरजस्ती करणी कसुर शीर्षक अन्तरगत ०७७ फागुन १८ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालत म्याग्दीको फागुन १९ गतेको आदेशले आरोपितलाई बाल सुधार गृह सराङकोट पठायो।

११ वर्षीया बालिकालाई माघ २८ गते बलात्कार गरेको भन्दै मालिका दुर्भाङ गाउँपालिका-६ का ५५ वर्षीय प्रकाश क्षेत्री लामाविरुद्ध पीडित पक्षले माघ २८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण माघ २८ गते बेनी अस्पतालमा भयो। पीडित पक्षको उजुरीको आधारमा प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गरेको जिल्ला प्रहरी कार्यालय म्याग्दीका इन्स्पेक्टर डाक्टर प्रसाद चौधरीले बताए। प्रहरीले आरोपितविरुद्ध जबरजस्ती करणी शीर्षकमा ०७७ फागुन १० गते जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालत म्याग्दीको आदेशले आरोपितलाई सोही दिन पुर्पक्षका लागि थुनामा पठायो।

**कास्की**

सात वर्षीया बालिकालाई घरमा कोही नभएको बेला बलात्कार गरेको भन्दै गुल्मी जिल्ला घर भई हाल पोखरा महानगरपालिका-२६ चापाचौर बस्ने ५७ वर्षीय पुर्णबहादुर थापाविरुद्ध पीडित पक्षले पुस २५ गते जिल्ला प्रहरी कार्यालय कास्कीमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण पुस २६ गते पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा भयो। प्रहरीले आरोपितलाई पुस २५ गते डेराबाट गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध जिल्ला अदालतमा जबरजस्ती करणी शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधिश कृष्ण भट्टराईको माघ २२ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

**लमजुङ**

१४ वर्षीया बालिकालाई ०७७ फागुन १ गते बलात्कार गरेको भन्दै बेसीशहर नगरपालिका-३ का १९ वर्षीय बिनबहादुर विकविरुद्ध पीडितकी आमाले ०७७ फागुन १३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन। पीडितको स्वास्थ्य परीक्षण जिल्ला सामुदायिक अस्पताल लमजुङमा भयो। प्रहरीले आरोपितलाई फागुन १३ गते घरबाट गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध जिल्ला अदालत लमजुङमा जबरजस्तीकरणी शीर्षकमा मुद्धा दर्ता गऱ्यो।। आरोपित अहिलेपनि प्रहरी हिरासतमै रहेको जिल्ला प्रहरी कार्यालय लमजुङका डिएसपी गंगाबहादुर थापाले बताए।

**तनहुँ**

१२ वर्षीया बालिकालाई ०७७ फागुन ८ गते बलात्कार गरेको भन्दै घिरिङ गाउँपालिका-१ का ३१ वर्षीय बोमवबहादुर दरैविरुद्ध पीडित पक्षले फागुन ८ गते जिल्ला प्रहरी कार्यालय तनहुँमा उजुरी दिए। प्रहरीले आरोपितलाई फागुन १० गते घरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन ८ गते दमौली अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जवरजस्ती करणी शीर्षकमा मुद्धा फागुन ११ गते जिल्ला अदालतमा दर्ता गऱ्यो। जिल्ला अदालतको चैत ५ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

**नवलपरासी पूर्व**

१३ वर्षीया बालिकालाई ०७७ पुस २१ गते यौन दुर्व्यवहार गरेको भन्दै हुप्सेकोट गाउँपालिका-२ का २९ वर्षीय हरि अर्यालविरुद्ध पीडित बालिकाका बुबाले पुस २२ गते जिल्ला प्रहरी कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पूर्व)मा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण पुस २२ गते भरतपुर जिल्ला अस्पताल चितवनमा भयो। पीडित पक्षको उजुरीको आधारमा प्रहरीले आरोपितलाई ०७७ पुस २२ गते गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध ०७७ पुस २२ गते बाल यौन दुराचार शीर्षक अन्तर्गत मुद्दा चलाएको जिल्ला प्रहरी कार्यालय (नवलपरासी बर्दघाट सुस्ता पूर्व) का एसपी प्रकाश मल्लले इन्सेक जिल्ला प्रतिनिधिलाई बताए। जिल्ला अदालतले माघ १८ गते आरोपितलाई १ लाख रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दिएको जिल्ला प्रहरी कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पूर्व)का सव इन्स्पेक्टर टिकाराम पोखेलले बताए।

१८ वर्षीया युवतीलाई मध्यविन्दु नगरपालिका-४ मा रहेको अम्रेला ब्रिज होटलमा लगी नशालु पदार्थ खुवाएर चैत ११ गते बलात्कार गरेको भन्दै मध्यविन्दु नगरपालिका-६ का २४ वर्षीय सुषन न्यौपाने र घटनामा सहयोग गरेको आरोपमा सोही ठाउँका २६ वर्षीय तुलबहादुर महतो र ३० वर्षीय सतिस महतोविरुद्ध पीडित पक्षले चैत १७ गते जिल्ला प्रहरी कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पूर्व)मा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण चैत १७ गते भरतपुर जिल्ला अस्पताल चितवनमा भयो। पीडित पक्षको

उजुरी आरोपितलाई सोही दिन गिरफ्तार गऱ्यो। आरोपितहरुलाई गिरफ्तार गरेर अनुसन्धान थालेको जिल्ला प्रहरी कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पूर्व)का इन्स्पेक्टर बिशाल तामाङले बताए।

**स्याङ्जा**

६ वर्षीया बालिकालाई २०७७ फागुन १ गते बाखा चराउन गएको बेला बलात्कार गरेको भन्दैचापाकोट गाउँपालिका-२ का ५२ वर्षीय नामदेव कुमालविरुद्ध पीडित पक्षलेस फागुन १ गते जिल्ला प्रहरी कार्यालय स्याङ्जामा मौखिक उजुरी दिए। सोही उजुरीका आधारमा प्रहरीले आरोपितलाई गिरफ्तार गऱ्यो।पीडितको स्वास्थ्य परीक्षण फागुन २ गते पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान कास्कीमा भयो। पीडित पक्षले आरोपितविरुद्ध जिल्ला प्रहरी कार्यालय स्याङ्जामा फागुन २ गते लिखित उजुरी दिएको जिल्ला प्रहरी कार्यालय स्याङजाका डिएसपी राजेन्द्र प्रसाद अधिकारीले बताए।प्रहरीले आरोपितविरुद्ध फागुन २ गते जिल्ला अदालत स्याङ्जामा जबरजस्ती करणी शीर्षक अन्तरगत मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको चैत २४ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१७ वर्षीया बालिकालाई विवाहको प्रलोभन देखाएर ०७७ पुस १८ गते बलात्कार गरेको भन्दै भीरकोट नगरपालिका-५ का १९ वर्षीय आशिष थापाविरुद्ध पीडित पक्षले पुस १९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपितलाई पुस २२ गते गिरफ्तार गऱ्यो।पीडितलाई आरोपितले विवाहको प्रलोभन देखाएर पुस १८ गते बलात्कार गरेको उजुरीमा उल्लेख छ। पीडितको स्वास्थ्य परीक्षण पुस १९ गते जिल्ला अस्पताल स्याङ्जामा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला अदालतमा पुस २२ गते जबरजस्ती करणी शीर्षकमा मुद्धा दर्ता गऱ्यो। जिल्ला अदालतको माघ १७ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

आठ र नौ वर्षीया बालिकाहरूलाई ०७७ माघ १० गते बलात्कार गरेको भन्दै बालिङ नगरपालिका-५ का १७ वर्षीय बालकविरुद्ध पीडित पक्षले फागुन २८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गऱ्यो। पीडितहरुको स्वास्थ्य परीक्षण फागुन २८ गते जिल्ला अस्पताल स्याङ्जामा भयो। प्रहरीले आरोपितविरुद्ध . फागुन २८ गते जिल्ला अदालतमा जबरजस्ती करणी शीर्षकमा मुद्धा दर्ता गऱ्यो। जिल्ला अदालत स्याङजाको फागुन २९ गतेको आदेशले आरोपितलाई बाल सुधारगृह सराङकोट पठायो।

१५ वर्षीया बालिकालाई पछिल्लो पटक चैत १४ गते र सो भन्दापहिला पटकपटक यौन दुर्व्यवहार गरेको भन्दै हरिनाशगाउँपालिका-६ का २९ वर्षीय जेवन्तकुमार खवास, ४२ वर्षीय दिलबहादुर राना, १९ वर्षीय निलेश दुवाडी र एक १८ वर्षीय बालकविरुद्ध पीडित पक्षले चैत १४ गते जिल्लाप्रहरी कार्यालय स्याङ्जामा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण चैत १५ गते जिल्ला अस्पताल स्याङ्जामा भयो। पीडित पक्षको सोही उजुरीका आधारमा आरोपितलाई चैत १५ गते गिरफ्तार गरी जिल्ला अदालत स्याङ्जामा उनीहरूविरुद्ध जबरजस्तीकरणी उद्योग शीर्षकमा मुद्दा दर्ता गरी अनुसन्धानको क्रममा राखिएको जिल्ला प्रहरी कार्यालय स्याङ्जाका डिएसपी राजेन्द्र प्रसाद अधिकारीले बताए।

**बागलुङ**

आठ वर्षीया बालिकालाई ०७७ फागुन १ गते बलात्कार गरेको भन्दै१३ वर्षीय बालकविरुद्ध पीडित पक्षले फागुन १८ गते जिल्ला प्रहरी कार्यालय बागलुङमा लिखित उजुरी दिए। पीडित पक्षको उजुरीपछि प्रहरीले आरोपितलाई घरबाट फागुन १८ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन १८ गते धौलागिरी अस्पताल बागलुङमा भयो। जिल्ला प्रहरी कार्यालय बागलुङले अनुसन्धान पुरा गरी ०७७ चैत ९ गते जिल्ला सरकारी वकिलको कार्यालय मार्फत जिल्ला अदालत बागलुङमा जबरजस्ती करणी शीर्षकमा मुद्धा दर्ता गऱ्यो। जिल्ला न्यायाधीश बासुदेव न्यौपानेको चैत १० गतेको आदेशले आरोपितलाई परिवारको जिम्मा लगायो।

१६ वर्षीय बालिकालाई ०७७ फागुन १६ गते बलात्कार गरेको भन्दै गुल्मी जिल्ला मालिका गाउँपालिका-८ स्थायी घर भई हाल ढोरपाटन-५ पोङखोला बस्दै आएका २४ वर्षीय पदम अर्यालविरुद्ध पीडित पक्षले फागुन १७ गते मौखिक र फागुन १८ गते जिल्ला प्रहरी कार्यालय बागलुङमा लिखित उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण फागुन १८ गते धौलागिरी अस्पताल बागलुङमा भयो। पीडित पक्षको उजुरी पछि प्रहरीले आरोपितलाई फागुन १७ गते गिरफ्तार गऱ्यो। प्रहरीले अनुसन्धान पुरा गरी जिल्ला सरकारी वकिलको कार्यालय मार्फत ०७७ चैत १२ गते जिल्ला अदालत बागलुङमा जबरजस्ती करणी मुद्धा दर्ता गऱ्यो। जिल्ला अदालतको चैत १३ गतेको आदेशले आरोपितलाई पुर्पक्षको लागि थुनामा पठायो।

सात वर्षीया बालिकालाई २०७७ माघ २१ गते बलात्कार गरेको भन्दै बागलुङको बडिगाड गाउँपालिका-५ ग्वालीचौरका १३ वर्षीय बालक (तीलक हिजाल)विरुद्ध पीडितका बाबुले माघ २२ गते जिल्ला प्रहरी कार्यालय बागलुङमा लिखित उजुरी दिए।पीडितको स्वास्थ्य परीक्षण माघ २२ गते धौलागिरी अस्पताल बागलुङमा भयो । पीडित पक्षको उजुरी पछि प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गरी अनुसन्धान पुरा गरि फागुन २ गते जिल्ला अदालत मुद्दा दर्ता गऱ्यो। जिल्ला न्यायाधीश वासुदेव न्यौपानेको फागुन ११ गतेको इजलाशले आरोपित हिजाललाई बाल सुधार गृह कास्कीको सराङकोट पठाइएको छ।

अपाङ्गता भएकी १५ वर्षीया बालिकालाई ०७७ चैत १२ गते बलात्कार गरेको भन्दै काठेखोला गाउँपालिका-१ का ८० वर्षीय प्रेमबहादुर खत्रीविरुद्ध पीडित पक्षले चैत १८ गते जिल्ला प्रहरी कार्यालय बागलुङमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण चैत १८ गते धौलागिरी अस्पताल बागलुङमा भयो। प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गरेको जिल्ला प्रहरी कार्यालय बागलुङका डिएसपी इकवाल हवारीले इन्सेक प्रतिनिधिलाई बताए।

१८ वर्षीय बालिकालाई ०७७ पुस २८ गते विद्यालयबाट घर फर्किने क्रममा सोही ठाउँको एकतारे जंगलमा बलात्कार प्रयास गरेको भन्दै बागलुङको जैमिनी नगरपालिका-४का २० वर्षीय किरण थापाविरुद्ध ०७७माघ ६ गते जिल्ला प्रहरी कार्यालय बागलुङमा उजुरी दिइन।पीडितको स्वास्थ्य परीक्षण माघ ६ गते धौलागिरी अस्पताल बागलुङमा भयो। पीडित पक्षको उजुरीपछि प्रहरीले आरोपितको खोजि कार्य भइरहेको जनाएको छ। हालसम्म आरोपितको खोजी कार्य भइरहेको छ, मुद्दा अहिले सम्म अदालतमा दर्ता भएको छैन।

## महिलाविरुद्ध हुने सबै प्रकारका हिंसा, दुर्व्यवहार

### बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

### गोरखा

२६ वर्षीया महिलालाई माघ २२ गते बलात्कार प्रयास गरेको भन्दै रौतहट जिल्ला घर भई हाल शहिद लखन गाउँपालिका-८ बुंकोटका ३३ वर्षीय रामायण मुखियाविरुद्ध पीडित पक्षले माघ २३ गते जिल्ला प्रहरी कार्यालय गोरखामा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण माघ २३ गते गोरखा अस्पतलामा भयो। प्रहरीले आरोपितलाई माघ २३ गते घरबाट गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध जबरजस्ती करणी उद्योग शीर्षकमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन १२ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

**महिलाविरुद्ध भएका हिंसाबाट पीडित सङ्ख्या (सन् २०२१ को जनरीदेखि मार्चसम्म)**

| | |
|---|---|
| बलात्कार | ११ |
| बलात्कार प्रयास | ३ |
| यौन दुर्व्यवहार | १ |
| बहुविवाह | १ |
| घरेलु हिंसा | ७३ |
| जम्मा | ८७ |

२२ वर्षीया महिलालाई माघ ८ गते बलात्कार प्रयास गरेको भन्दै गोरखा नगरपालिका-६ सातधुरेका ३० वर्षीय राम भन्ने सोमबहादुर वाचे मगरविरुद्ध पीडितले माघ ११ गते जिल्ला प्रहरी कार्यालय गोरखामा उजुरी दिइन। पीडितको स्वास्थ्य परीक्षण माघ ११ गते गोरखा अस्पतालमा भयो। घटनापछि फरार रहेका आरोपितलाई प्रहरीले फागुन १६ गते कालिकोट, खाडाचक्र नगरपालिका-२ जिते बजारबाट गिरफ्तार गरिएको जिल्ला प्रहरी कार्यालय गोरखाका डिएसपी प्रकाश दाहालले बताए। गिरफ्तारी पछि अड्डासार गर्दै गोरखा ल्याएर फागुन २२ गते जिल्ला अदालत गोरखाबाट म्याद थप गरी घटनाको अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय गोरखाका डिएसपी प्रकाश दाहालले बताए।

**म्याग्दी**

सुस्तश्रवण (कान नसुन्ने नबोल्ने) ५६ वर्षीया महिलालाई ०७७ माघ २२ गते बलात्कार गरेको भन्दै रघुङ्गा गाउँपालिका-३ का ६१ वर्षीय नन्दबहादुर केसीविरुद्ध पीडित पक्षले ०७७ माघ २५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण माघ २५ गते बेनी अस्पतालमा भयो। पीडित पक्षको उजुरी पछि आरोपितलाई सोही दिन प्रहरीले घरबाट गिरफ्तार गर्‍यो। प्रहरीले सरकारी वकिल कार्यालय मार्फत ०७७ माघ १७ गते जिल्ला अदालतमा जबरजस्ती करणी मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतको माघ १७ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

४० वर्षीया महिलालाई ०७७ फागुन १५ गते बलात्कार गरेको भन्दै रघुगङ्गा गाउँपालिका-३ का २० वर्षीय सुजन परियार र १८ वर्षीय युवक (साजन परियार)विरुद्ध पीडित पक्षले फागुन १६ गते जिल्ला प्रहरी कार्यालय म्याग्दीमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण फागुन १६ गते जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितहरुलाई फागुन १६ गते रघुगङ्गा गाउँपालिका-३ स्थित आरोपितहरुको घरबाट गिरफ्तार गर्‍यो। प्रहरीले आरोपितविरुद्ध जबरजस्ती करणी शीर्षकमा ०७७ चैत ८ गते जिल्ला अदालतमा मुद्धा दर्ता गर्‍यो। जिल्ला अदालतको चैत ८ गतेको आदेशले आरोपितहरुलाई पुर्पक्षका लागि थुनामा पठायो।

**तनहुँ**

२७ वर्षीया महिलालाई ०७७ फागुन ६ गते बलात्कार गरेको भन्दै ऋषिङ गाउँपालिका-४ का ३२ वर्षीया लक्ष्मण रानाभाटविरुद्ध पीडित पक्षले फागुन ९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण फागुन ६ गते दमौली अस्पतालमा भयो। प्रहरीले आरोपितलाई फागुन ९ गते गिरफ्तार गर्‍यो। प्रहरीले आरोपितलाई फागुन १० गते अदालतमा पेश गरि जबरजस्ती करणी शीर्षकमा मुद्धा दर्ता गर्‍यो। जिल्ला अदालतको चैत ५ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

**नवलपरासी पूर्व**

वौद्धिक अपाङ्गता भएकी २५ वर्षीया महिलालाई ०७७ फागुन १० गते बलात्कार गरेको आरोपमा कावासोती-१४ का २५ वर्षीय विकास नगरकोटीविरुद्ध पीडित पक्षले फागुन १० गते जिल्ला प्रहरी कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पूर्व)मा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण ०७७ फागुन १० गते भरतपुर जिल्ला अस्पताल चितवनमा भयो। पीडित पक्षको उजुरीपछि आरोपितलाई सोही दिन घरबाट गिरफ्तार गर्‍यो। प्रहरीले आरोपितविरुद्ध जबरजस्तीकरणी शीर्षकमा सोही दिन मुद्धा गर्‍यो। नवलपुर जिल्ला अदालतको ०७७ चैत ५ गतेको आदेशले आरोपितलाई पुर्पक्षको लागि थुनामा पठायो।

६० वर्षीया महिलालाई ०७७ चैत १४ गते बलात्कार गरेको भन्दै १५ वर्षीय बालकविरुद्ध पीडितले चैत १५ गते जिल्ला प्रहरी कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पूर्व)मा उजुरी दिइन। पीडितको स्वास्थ्य परीक्षण चैत १५ गते भरतपुर जिल्ला अस्पताल चितवनमा भयो। प्रहरीले आरोपितलाई सोही दिन साँझ गिरफ्तार गर्‍यो। पीडितको गिरफ्तारीपछि घटनाको अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पूर्व)का इन्स्पेक्टर विशाल तामाङले बताए।

**स्याङ्जा**

सुस्त मनस्थिती भएकी २७ वर्षीया महिलालाई ०७७ फागुन २१ गते जङ्गलको छेउमा बलात्कार गरेको भन्दै पुतलीबजार नगरपालिका- १३ विसौनाका ९४ वर्षीय हिराबहादुर घर्तीविरुद्ध पीडितले फागुन २२ गते उजुरी दिइन। पीडितको स्वास्थ्य परीक्षण फागुन २२ गो जिल्ला अस्पताल स्याङजामा भयो। प्रहरीले आरोपितलाई फागुन २३ गते घरबाट गिरफ्तार गर्‍यो। प्रहरीले आरोपितविरुद्ध फागुन २३ गते जिल्ला अदालतमा जबरजस्ती करणी शीर्षकमा मुद्धा दर्ता गर्‍यो। जिल्ला अदालत स्याङ्जाकोचैत १७ गतको आदेशलेआरोपितलाई पुर्पक्षको लागिथुनामा पठायो।

५२ वर्षीया महिलालाई ०७७ चैत ६ गते बलात्कार प्रयास गरेको भन्दै पुतलीबजार नगरपालिका- ९ का २१ वर्षीय विश्वास नेपाली विरुद्ध पीडितले वडा प्रहरी कार्यालय बालिङमा चैत ७ गते मौखिक उजुरी दिइन। पीडितको स्वास्थ्य परीक्षण चैत ७ गते जिल्ला अस्पताल स्याङजामा भयो। प्रहरीले आरोपितलाई चैत ७ गते घरबाट गिरफ्तार गर्‍यो। पीडितले चैत ८ गते वडा प्रहरी कार्यालयमा लिखित उजुरी दिइन। प्रहरीले आरोपितविरुद्ध चैत ८ गते जिल्ला अदालतमा जबरजस्ती करणी उद्योग शीर्षकमा मुद्धा दर्ता गर्‍यो। घटना हाल अनुसन्धानकै क्रममा रहेको छ।

३५ वर्षीया महिलालाई ०७७ चैतको ८ गते विवाहको

प्रलोभन देखाएर बलात्कार गरेको भन्दै भारतको मोतिहारी चामरण स्टेशन घर भइ हाल चितवन इच्छाकामना गाउँपालिका बस्ने २२ वर्षीय मुकेश चौधरीविरुद्ध पीडितले मुग्लिङ प्रहरी चौकीमा ०७७ चैतको ११ गते उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण स्याङजा जिल्ला अस्पताल चैत ११ गते भयो। आरोपितलाई ०७७ चैत ११ गते मुग्लिङमा गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय स्याङजा पठायो। प्रहरीले आरोपितविरुद्ध ०७७ चैत ११ गते जिल्ला अदालतमा जबरजस्तीकरणी शीर्षकमा मुद्धा दर्ता गऱ्यो। घटना फेदीखोलामा भएकोले प्रहरीले स्याङजामा पठायो। घटना हाल अनुसन्धानकै क्रममा छ।

**पर्वत**

३३ वर्षीया महिलालाई ०७७ पुस २२ गते बलात्कार गरेको भन्दै मोदी गाउँपालिका-३ का ३५ वर्षीय कर्णबहादुर पुनविरुद्ध पीडितका आफन्तले पुस २३ गते जिल्ला प्रहरी कार्यालयपर्वतमा मौखिक उजुरी दिए। सोही उजुरीका आधारमा प्रहरीले आरोपितलाई पुस २३ गते गिरफ्तार गऱ्यो। पीडितले पुस २४ गते आरोपितविरुद्ध जिल्ला प्रहरी कार्यालय पर्वतमा लिखित दिइन। पीडितको स्वास्थ्य परीक्षण पुस २३ गते पर्वत जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध माघ १६ गते पर्वत जिल्ला अदालतमा जबरजस्ती करणी शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको माघ १६ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

**बागलुङ**

२१ वर्षीया युवतीलाई ०७७ माघ १३ गते बलात्कार गरेको भन्दै बडिगाड गाउँपालिका-२ दमारखोलाका३८ वर्षीय राजु विकविरुद्धपीडित पक्षले माघ १५ गते मौखिक र १६ गते लिखित उजुरी जिल्ला प्रहरी कार्यालय बागलुङमा दिए।पीडितको स्वास्थ्य परीक्षण माघ १६ गते धौलागिरी अस्पताल बागलुङमा भयो। पीडित पक्षको उजुरीपछि प्रहरीले आरोपितलाई माघ १५ गते गिरफ्तार गऱ्यो। प्रहरीलेसरकारी वकिलको कार्यालय मार्फत फागुन ६ गते जिल्ला अदालत पेश गरेकोमा हाडनाता जबरजस्ती करणी शीर्षकमा मुद्धा दर्ता गऱ्यो। जिल्ला न्यायाधीश वासुदेव न्यौपानेको ६ गतेको इजलाशले आरोपितलाई फागुन ११ गते पुर्पक्षको लागि थुनामा पठायो।

## परिवाजनबाट हत्या

**कास्की**

४२ वर्षीया हरिमाया पुनलाई बञ्चरो हानी हत्या गरेको आरोपमा प्रहरीले पर्वत जिल्ला घर भई पोखरा महानगरपालिका-३३ उपल्लो पुँडी बस्ने ५० वर्षीय पति गमबहादुर पुनलाई माघ २३ गते पोखरा-३३ लामगादीमा बाटोबाट गिरफ्तार गऱ्यो। हरिमायालाई आरोपितले माघ २२ गते राति खाना नपकाएको विषयमा विवाद हुँदा बञ्चरो प्रहार गरेको जिल्ला प्रहरी कार्यलय कास्कीका डिएसपी सुवास हमालले बताए। हरिमाया माघ २३ गते बिहान मृत अवस्थामा भेटेपछि प्रहरीले अनुसन्धानबाट पति गमबहादुरको संलग्नता पुष्टि भएको डिएसपी हमालले बताए। आरोपित विरुद्ध जिल्ला पीडितका आफन्त युवराज पुनले माघ २३ गते जिल्ला प्रहरी कार्यालय कास्कीमा जाहेरी दिए। शवको पोष्टमार्टम माघ २३ गते पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरामा भयो। शव परिवारलाई बुझाइएको डिएसपी हमालले बताए। प्रहरीले जिल्ला अदालत कास्कीमा फागुन ११ गते लापरवाहीपूर्वक काम गरी ज्यान मारेको (दफा १८१ ) अन्तर्गत मुद्धा दर्ता गऱ्यो। । जिल्ला अदालत कास्कीको फागुन १८ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

पोखरा महानगरपालिका-२३ बराल डाँडाकी ४० वर्षीया देवी जिसीलाई कुटपिट गरी हत्या गरेको आरोपमा प्रहरीले ४९ वर्षीय पति देवबहादुर विकलाई चैत १५ गते गिरफ्तार गऱ्यो। आरोपितले चैत १४ गते दिउँसो मादकपदार्थ सेवन गरी कुटपिट गर्दा मृतकको टाउको र गोडामा गम्भीर चोट लागेको थियो। कुटपिटबाट घाइते भएकी जिसीको उपचारको क्रममा चैत १५ गते पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा मृत्यु भयो। घटनापछि आरोपितलाई गिरफ्तार गरी कर्तव्य ज्यान सम्बन्धी कसुर अन्तरगत थप ७ दिन म्याद थप गरि घटनाको अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय कास्कीका डिएसपी सुवास हमालले बताए। शवको पोष्टमार्टम चैत १५ गते पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा गरियो।

**तनहुँ**

व्यास नपा- १२ की ७२ वर्षीया लक्ष्मी दरैको उनकै छोरा ३३ वर्षीय छोरा प्रेम दरैले माघ ८ गते घरमै चिर्पटले टाउकोमा प्रहार गरी हत्या गरे। मादक पदार्थ सेवन गरी घरायसी विवादामा प्रेमले चिर्पट प्रहार गरी आमाको हत्या गरेका थिए। उनलाई प्रहरीले माघ ९ गते घरबाटै गिरफ्तार गऱ्यो। प्रेमलाई प्रहरीले माघ १० गते कतर्व्यज्यान सम्बन्धी मुद्धा जिल्ला अदालतमा दर्ता गऱ्यो। शवको माघ ९ गते दमौली

अस्पतालमा पोष्टमार्टम गरियो। शव मृतकका अर्का छोराले बुझी सद्‌गत गरे। जिल्ला अदालतले प्रेमलाई फागुन ५ गते पुर्पक्षका लागि थुनामा पठायो।

**पर्वत**

जलजला गाउँपालिका-४ की ३५ वर्षीया सन्तु जलारीको ०७७ माघ २७ गते हत्या गरेको आरोपमा ३५ वर्षीय पति रामबहादुर नेपालीलाई ०७७ माघ २७ गते अस्थायी प्रहरी चौकी मिलनचोकले गिरफ्तार गऱ्यो। आरोपितले माघ २७ गते दिउँसो साढे २ बजेको समयमा जग्गाको विषयमा विवाद हुँदा घर नजिकैको ज लमा ढु ाले टाउकोमा हानेर हत्या गरेपछि प्रहरी चौकीमा आत्मसमर्पण गर्न पुगेका नेपालीलाई वारिवेनी प्रहरी चौकीले सोही दिन गिरफ्तार गरेको थियो। शवको सोही दिन पर्वत जिल्ला अस्पतालमा पोष्टमार्टम भयो। आरोपितलाई जिल्ला प्रहरी कार्यालय पर्वतले कर्तव्य ज्यान शीर्षक अन्तर्गत ०७७ फागुन ७ गते पर्वत जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। अदालतले सोही दिन आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। शव माइती पक्षले जिम्मा लिई सद्‌गत गरे।

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

### सम्पति क्षती

**कास्की**

मादी गाउँपालिकाको केन्द्र सार्ने निर्णयका विरोधमा याङ्जाकोटमा स्थानीयले २०७७ माघ २१ गते दिनभर धर्ना दिनुका साथै कार्यालयको गेट, कार्यकारी अधिकृत चढ्ने गाडी तोडफोड गरे। छैटौं गाउँसभाले वडा नम्बर ४ र ५ अन्तर्गत मादी करिडोर छेउपर्ने बेतेनी, वडा नम्बर ३ स्थित याङ्जाकोट देउराली, वडा नक्बर ४ को तारकाङस्थित माजडी र साविक वडा नम्बर ३ स्थित याङ्जाकोट गरी चार विकल्प मध्य गाउँपालिकाको केन्द्र साझा बेतेनीमा सार्ने निर्णयलाई पहिलो प्राथमिकतामा राखेर गाउँपालिकाले प्रदेश सरकार र संङ्घीय सरकारलाई पठाएको थियो। एक वर्षपछि गण्डकी प्रदेश सरकारले त्यसलाई सङ्घीय सरकारमा सिफारिस गर्ने निर्णय गरेसँगै साविक याङ्जाकोट वा याङ्जाकोट देउराली नै हुनुपर्ने माग गर्दै स्थानीय आन्दोलित बनेका थिए। निर्णयको विरोधमा माघ २० गते मादी गाउँपालिकाको कार्यालयमा लगाएको ताला गाउँपालिका प्रमुख बेदबहादुर गुरुङ (श्याम)को निर्देशनमा माघ २१ गते खोलिएपछि उनीहरूले तोडफोड गरेका हुन्। गाउँपालिका अध्यक्ष बेदबहादुर गुरुङ (श्याम) का अनुसार असन्तुष्ट पक्षले कार्यालयको गेट तोडफोड गरेका छन्। साथै प्रशासकीय अधिकृत चढ्ने ग.३ च.३३५२ नम्बरको स्कार्पियो गाडीको सिसा फुटाएका छन्। सङ्घर्ष समितिका संयोजक तथा नेपाली कांग्रेस वडा नम्बर ३ का अध्यक्ष नारायण गुरुङले तोडफोड गर्नु सामान्य भएको बताए । उहाँले षड्यन्त्रपूर्वक केन्द्र सार्ने निर्णयपछि स्थानीयले आक्रोश पोखेको बताए।

## स्वास्थ्य सेवाको अवस्था

**स्याङ्जा**

भीरकोट-७ तिलारका यामप्रसाद खाम्चाकी पाँच महिने छोरी लोककुमारीको मृत्यु भएको विषयलाई लिएर स्थानीय भीरकोट नगरपालिका-१ स्थित कालिका सामुदायिक अस्पतालमा स्थानीयले माघ २२ गते तालाबन्दी गरे। बिरामीलाई चिकित्सकले समयमै उपचार नदिएकोले बालिकाको मृत्यु भएको स्थानीय मीनप्रसाद कोइरालाले बताए। जिल्ला प्रहरी कार्यालय स्याङजाका एसपी होविन्द्र बोगटीले स्थानीय र अस्पताल पक्षसँग माघ २३ गते भएको वार्तामा अस्पतालले विरामी आएको १५ देखि २० मिनेट भित्रनै उपचार दिने र अस्पताल पक्षले राम्ररी सेवा दिने भन्ने कुरामा सहमती भएपछि सोही दिन अस्पताल सुचारु भयो। मृतकका परिवारलाई घटनाको कुनै क्षतिपूर्ति प्रदान गरिएन।


मानव अधिकार र सामाजिक न्यायका निम्ति

**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**

**गण्डकी प्रदेशद्वारा प्रकाशित**

**सल्लाहकार** : शीव खकुरेल, **संयोजन/सम्पादन** : नुपुर गुप्ता, **व्यवस्थापक** : मधु पन्थी

पोखरा महानगरपालिका-८ ज्ञानकुन्ज मार्ग, कास्की, फोन : ०६१-५३३३६६

**Email:** pokhara@insec.org.np, **Website:** www.inseconline.org